हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : २१३ पृष्ठ : ४ २०७७ फाल्गुन २१ गते शुक्रबार (Friday 05 March 2021) www.lahanpost.com मूल्य रु. ५/-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost



मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टस सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।


### मिर्चैयामा महिलालाई उद्यमशिलता तालिम

## स्थानीय स्तरमै लघु उद्यमी सृजना हुने मेयर यादवको विश्वास

**बिनय यादव**

मिर्चैया । मिर्चैया नगरपालिकाको आयोजनामा लघु उद्यम विकास कार्यक्रम अन्तर्गतको उद्यमशिलता विकास तालिम सम्पन्न भएको छ ।

मिर्चैया नगरपालिका-२ स्थित मल्हनियाँ खोरीमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गतको ८ दिने उद्यमशिलता विकास तालिम बिहीबार सम्पन्न भएको हो ।

फागुन १३ बाट सुरु भई २० गते सम्पन्न भएको ८ दिने कार्यक्रममा १३ देखि १५ गतेसम्म टोपे तालिम, १६ देखि १९ गतेसम्म टोसे व्यवसाय सुरु तालिम र २० गते लैंगिक समानता सम्बन्धि सचेतना दिइएको छ । यस अवधिमा सहभागीहरूलाई लघु उद्यमी सिर्जना तथा विकासका लागि कुन व्यवसाय कसरी सुरु गर्ने, सफल उद्यमी कसरी बन्ने तथा लैंगिक समानता सम्बन्धि तालिम दिइएको प्रशिक्षक सुमित्रा श्रेष्ठले जानकारी दिइन् । तालिम समापन कार्यक्रमलाई सम्बोधन गर्दै मिर्चैयाका नगरप्रमुख श्रवण कुमार यादवले स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने प्रयास स्वरुप यस्ता कार्यक्रम प्राथमिकता साथ सञ्चालन गरेको बताए । लघु, घरेलु तथा साना उद्यमी सृजनाका लागि



________बाँकी ३ पेजमा

## आयोजक टिम कुशहा रोयल ८४ रनले विजयी

**रोहित कुमार मण्डल**

सप्तरी । सप्तरीको सुरुङ्गा नगरपालिका- ५ कुशहा स्थित रहेको खेल मैदानमा बिहिबार भएको पहिलो चरणको क्वाटर फाइनल खेलमा रोयल युवा क्रिकेट क्लब कुशहा ८४ रनले विजयी भएका छन् ।

निर्धारित १६ ओभरको खेलमा टस जितेर ब्याटिङ्ग रोजेको रोयल युवा क्रिकेट क्लब कुशहाले १६ ओभर खेल्दै बलान बिहुल गाँउ पालिका-४ का बेल्ही सुपर क्रिकेट टिमका सामु १ सय ७४ रनको लक्ष्य प्रस्तुत गरेका थिए । प्रतिउतरमा १सय ७५ रनको लक्ष्य लिई मैदानमा उत्रिएका बेल्ही सुपर क्रिकेट टिमले १३ ओभरमा आफना सम्पूर्ण विकेट गुमाउँदै ९१ रनमा सिमित हुन पुगेको थियो । रोयल युवा क्रिकेट क्लब कुशहा सप्तरीको अयोजनामा संचालित क्रिकेट म्याचमा सिरहा तथा सप्तरीको १६ वटा क्रिकेट टिमहरू सहभगी छन् । खेलको उदघाट्न सुरुङ्गा नगरपालिकाको नगर प्रमुख मुतिनाथ चौधरीले गरेका थिए । खेलको प्रथम तथा द्वितीय पुरस्कार स्थानीय समाज सेवी मोहम्द साबिर हुसेनले प्रथम पुरस्कार रू. ५१ हजार तथा द्वितीय पुरस्कार रू.३१ हजार प्रदान गरी सहयोग गरेका छन् ।


## घर भाडामा चाहिएमा




लहान नगरको महेन्द्र राजमार्गको ३ नं रोडमा सोनालिका ट्र्याक्टरको १० वर्षसम्म शोरुम रहेको करिब तीन कठ्ठा कम्पाउण्ड वाल सहितको घर भाडाका लागि खाली छ । ट्र्याक्टर, कार-जिप, मोटरसाइकल शोरुम-वर्कशप, बैंक-वित्तीय संस्था, होटल, डिपार्टमेन्टल स्टोर आदिका लागि अत्यन्त उपयुक्त घर-कम्पाण्ड आवश्यक पर्ने व्यक्ति, फर्म, वा संघ-संस्थाले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. र ठेगाना

मो.नं. ९८१६७६८९५०, ९८५२८३०९५०

कुशवाहा चौक, लहान-३ नं. रोड

सोनालिका ट्र्याक्टर रहेको घर


## सानिमा लाइफ इन्सोरेन्सद्वारा बिमा रकम हस्तान्तरण

**सत्य नारायण चौधरी**

लहान । सानिमा लाइफ इन्सोरेन्स कम्पनीले लहान नगरपालिका-१ का मृतक विमित संजय कुमार मलिककी पत्नी तेतरी देवी मलिकलाई बिमा रकम हस्तान्तरण गरेको छ ।

इन्सोरेन्सका चिफ म्यानेजर गुणराज श्रेष्ठ र लहान शाखाको म्यानेजर जितेन्द्र चौधरीद्वारा २ लाखको बिमा चेक प्रदान गरिएको हो ।

दम्पती बिमा अन्तर्गतको मृत्युदाबी २ लाखको चेक मृतक संजय कुमारका पत्नी तेतरीदेवी मलिकलाई प्रदान गरिएको हो ।



लहान नगरपालिका १ निवासी संजय कुमार मरिक दम्पतीले दुई लाखको सानिमा लाइफ इन्सोरेन्स कम्पनी लहान शाखाबाट ४ महिना अगाडि बिमा गराएका थिए । विमित परिवारले ४ महिना अघि एक किस्ता वापत १४ हजार दुई सय २७ रूपैयाँ बराबरको एक किस्ताको रकम मात्र बुझाएर मृत्यु भएकोले विमित स्व.

________बाँकी ३ पेजमा








फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## युवा सरोकार

# कृषि व्यवसाय र तराई-मधेसको समृद्धि



**चुडामणि चौधरी**

नेपालको १७ प्रतिशत भू-भाग मेची देखि महाकालीसम्म तराई-मधेसको उर्वर भूमि छ । सिँचाइ अभावले आज उर्वरभूमि बन्जर हुँदै गएको छ । तराईलाई अन्न भण्डारको रूपमा लिइन्छ तर त्यही भूमि बन्जरमा परिणत भइरहेको छ, यसको मुख्य दोषी को त ? यसको दोषी अरू कोही हैन । राज्य पक्ष नै हो । यसका साथै तराई-मधेसलाई समृद्ध बनाउने यहाँका राजनीतिक प्रतिनिधीहरू पनि हो भन्नै पर्छ ।

मेरो विचारमा अब तराई-मधेसको उर्वर भूमिलाई व्यवसायिक रूपमा उपयोग गर्नु पर्छ र कृषिसँग जोडिएको उद्योग व्यवसायलाई जोडेर यहाँका युवाशक्तिलाई जोडन सकिए रोजगारीको अवसर प्राप्त भइ आर्थिक समृद्धि र कृषिमा निर्भरता हुनुका साथै समग्र मुलुकको आर्थिक समुन्नतिमा टेवा पुऱ्याउने छ । मैले दैनिक रूपमा १०-१५ जनाको हराहारीमा काम दिएको छु उनीहरूलाई दैनिक खानामा दाल, भात, दुई वटा तरकारी अचारसहितको भोजनको व्यवस्था गरेको छु । यो निमुखा जनताहरू हाम्रै मधेसका दलितहरू हुन् । उनीहरू मध्ये धेरै जना सुकुम्बासीहरू छन् । आज म एक जना व्यक्तिले १०० जनालाई रोजगारी दिने सोचमा छु । म जस्तो २० प्रतिशत युवाले मधेसमा नै रोजगारीको सर्जना गर्न सकेभने के मधेस समृद्ध हुदैन र ? कि राजनीति मात्रै एउटा विकल्प छन् ? राजनीति एउटा गरिखाने भाडो मात्रै हुन् । हामी जस्तो कति युवा विदेशमा छन् त्यो रहरले हैन, बाध्यताले हो । हामी युवाहरू अब आ ँनै माटोमा समृद्धिको फूल फूलाउनु लागि पर्नुपर्छ । तराईकै उर्वर भूमिमा सुन फलाउन जुट्नु पर्छ । कृषि उद्योगमा जोड दिएर कृषिलाई व्यवसायिक रूपमा अगाडि लिएर जानु आजको आवश्यकता देख्दछु । अहिले म कुखराको दाना उत्पादनको उद्योगमा छु । यसैले १० जनासम्ममलाई रोजगार दिन सकिएको छ भने भोलि यसलाई विस्तार गर्दै लगे हजारसम्म पुग्छ र अन्य जिल्ला लगायत देशव्यापी रूपमा बजार विस्तार र बजारको संजाल विस्तार भएर जाने छ । मैले ५ वर्षको लक्ष्य लिएको छु । अहिले मैले सिरहा जिल्लामा कुखराको दान उत्पादनको उद्योग सञ्चालनमा ल्याएको छु । यसलाई अझ ठूलो आकारमा बढाएर बजारको खोजी गरी अन्य जिल्लासँग जोडिने र विस्तारै नमूना उत्पादक बन्ने सोचका साथ काम गर्दैछु । यसैगरी माछा पालनको लागि समेत दाना उत्पादनको योजना बनाएको छु । यस्तै सोच मधेसका हरेक युवाहरूमा आउनु पर्छ । पलाउनु पर्दछ । बाँच्नको लागि वैदेशिक रोजगारै चाहिन्छ वा सरकारी जागिरै भन्ने हैन । अब हामीले परनिर्भर भएर हैन, आत्म निर्भर भएर बाँच्न सिक्नु पर्छ र आफनै घर आँगनमा समृद्धिको नारा घन्काउनु पर्छ । यहाँ देश बनाउने राजनेताको खडेरी छ । राजनीति व्यापार भएको छ । त्यस्तो फोहरी खेलको दलदलमा नफस्न युवाहरूलाई मेरो आग्रह छ । हामीले आफनै पुर्ख्यौली रैथाने पेसामा थप वैज्ञानिकीकरण, यान्त्रिकीकरण गरेर आधुनिक उपाय सहित प्रविधिको माध्यमबाट व्यवसायिक रूपबाट कृषिलाई उद्योगको रूपमा अगाडि बढाउन सके भने ५ वर्षभित्र नै मधेसमा कृषिक्रान्ति ल्याएर मधेसलाई समृद्धिको मार्गतिर लम्कयाउनु सकिन्छ ।

# ग्रामीण-शहरी अर्थतन्त्र विकासमा सहकारी संस्था : एक विश्लेषण

**पृष्ठभूमी :**

सहकारी नामैबाट स्पष्ट छ संगै मिलेर काम गर्ने एउटा साझा चौतारी हो, सहकारी । अर्थात संगै सबै मिलेर गरिने काम जस्ले आफना साझा आवश्यकता पूरा गर्न वा साझा उद्देश्य प्राप्त गर्न व्यक्तिहरूकबो समूह मिलेर गरिने कार्यलाई नै सहकारी भनिन्छ ।[1]

साझा उद्देश्य भएका व्यक्तिहरूले सामूहिक प्रयत्न र सहभागिताबाट आफना आवश्यकताको परिपूर्ति गर्न बनाइएको संगठन सहकारी संस्था हो । यस्ता संगठनहरू आत्मनिर्भर, स्वायत्त र सहभागिहरूको साझा स्वामित्व रहेको साथै सहभागिहरूबाट प्रजातान्त्रिक प्रक्रियाद्वारा नियन्त्रित भएर चल्दछन् । सहकारी संस्थाहरू व्यवसायिक संगठन हुन्, यस्ता संस्थाहरू सदस्य र समुदायका आवश्यकताका वस्तु तथा सेवाहरूको व्यापार गर्दछन् अनि आर्जन भएका मुनाफा सामूहिक स्वामित्वमा रहने स्थायी कोष बनाउन, शेयरको मुनाफा, संस्थागत विकास, तालिम, सामुदायिक विकास, कर्मचारी पारिश्रमिक आदी कार्यमा प्रयोग गर्दछन् । सहकारिता मानव विकासक्रमको लामो समयमा आर्जन गरेको अनुभवको एउटा आर्थिक प्रावधान सहितको सामाजिक प्रक्रिया हो । विश्वभरको सहकारी आन्दोलनलाई एउटै रूपमा संचालन गर्न नेतृत्व गरिरहेको अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारितालाई यसरी परिभाषित गरेको छ - "सहकारी संस्था संयुक्त स्वामित्व तथा प्रजाताान्धिक रूपमा नियन्त्रित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता तथा आकाक्षांहरू परिपूर्ति गर्न स्वेच्छिक रूपमा एकजूट हुने व्यक्तिहरूको स्वायत्त संगठन हो ।"

**सहकारी भनेको सामान्य अर्थमा**

- सह : सगंसगै, सहयोगमा
- कारी : काम गर्ने
- सह+कार्य शब्दको संयोजनबाट सहकारी शब्दको निर्माण भएको हो ।
- ल्याटिन भाषामा **Cooperation** शब्दबाट नै **Cooperative** बनेको हो ।
- सहकार्य शब्दको अर्थ संगसंगै बसेर संगै मिलेर काम गर्नु हो ।

यस प्रकारले सहकारीलाई व्याख्या गर्नु पर्दा सहकारीता भनेको परस्पर मिलेर काम गर्नु हो, भने सहकारी भनेको साथमा काम गर्ने वा सघाउने साथी वा सहयोग हो । यसर्थ समान उद्देश्य, पेशा व्यवसाय र वर्गका मानिसहरू संगसंगै मिलेर आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि गरिने कार्यलाई सहकारी भनिन्छ । समाजशास्त्रिका अनुसार सहकारी सामाजिक तथा आर्थिक आन्दोलन हो पनि व्याख्या गरेको पाइन्छ ।

१) संगठनको स्थापनामा सदस्यहरूले स्वतन्त्र रूपमा पुँजीमा योगदान पुऱ्याउँछ ।

२) यसरी निर्माण भएको संगठनको संचालनमा प्रजातान्त्रिक ढंगले समान मान्यताहरू अवलम्बन गरी इच्छित उद्देश्य प्राप्त गरिन्छ ।

३) यो एउटा स्वायत्त संगठन हो, जसको प्रर्वद्धन, स्वामित्व र नियन्त्रण व्यक्तिहरूले आफ्नो आवश्यकता पुरा गर्ने गरेका हुन्छन् ।

'सहकारी एउटा यस्तो संगठन हो जहाँ व्यक्तिले आफनो आर्थिक हितलाई अघि बढाउन समानताको आधारमा मानवीय तरिकाले स्वेच्छाले एक अर्कालाई सहयोग पुऱ्याउँछ ।'

सहकारीका सात सिद्धान्त निम्न रहेका छन् :

१. स्वेच्छिक तथा खुला सदस्यता,
२. सदस्यहद्धारा प्रजातान्त्रिक नियन्त्रण,
३. सदस्यहरूको आर्थिक सहभागिता,
४. स्वायत्तता र आत्मनिर्भरता,
५. सहकारी शिक्षा, तालिम र सूचना,
६. सहकारी संस्थाहरूबीच सहयोग,
७. समुदायप्रति चासो,

**नेपालमा सहकारीताको विकासक्रम :**

अहिलेसम्मको तथ्यको आधारमा बाढीपिडितहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले चितवन जिल्लाको वखानपुर गाउँमा वि.सं. २०१३ साल चैत्र २० गते स्थापित ***"वखान ऋण सहकारी संस्था"*** लाई जनताको स्तरमा नेपालको पहिलो सहकारी संस्था मानिएको छ । यसैको आधारमा प्रत्येक वर्ष चैत्र २० गते नेपालमा राष्ट्रिय सहकारी दिवस मनाइन्छ । त्यसपछि वि.सं. २०१० सालमा पहिलो पटक सरकारी तर्फबाट पहिलो प्रयास स्वरूप नेपालमा सहकारी विभागको स्थापना गरी सहकारी क्षेत्रमा पहल सुरू गरिएको पाइन्छ । त्यसपछि वि.सं. २०१६ सालमा पहिलो सहकारी ऐन तत्कालीन संसदबाट पारित भएपछि सहकारी आन्दोलन हाम्रा छिमेकी राष्ट्र भारत र चीन झै विकास भएर अगाडी बढने अवस्था तर्फ लाग्ने स्थितीमा रहेको थियो । तर वि.सं. २०१७ सालमा तत्कालीन



राजा महेन्द्रले आफ्नो नेर्तत्वमा शासन व्यवस्था लिएपछि पञ्चायती व्यवस्थामा सहकारीको विकासक्रम अवरूद्ध हुन पुग्यो । वि.सं. २०१८ सालमा सहकारी संस्था नियम जारी गरियो । गैर कृषि क्षेत्रको विकासका लागि साझा केन्द्रीय कार्यालयको स्थापना गरियो । वि.सं. २०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो । देशभर स्थापना भएका सहकारी संस्थाहरूलाई ऋण उपलब्ध गराउने उद्देश्यले वि.सं. २०१९ सालमा सहकारी बैंक ऐन जारी गरी २०२० सालमा सहकारी बैंकको स्थापना गरियो । जुन २०२४ सालमा कृषि विकास बैंकमा परिणत भयो । २०४६ सालको पहिलो जनआन्दोलनको बलमा बहुदलीय शासन व्यवस्थाको उदय र प्रजातन्त्रको पुनःस्थापना पश्चात सहकारी आन्दोलनले अलग्गै इतिहास बनाउँदै अघि बढ्यो । जुन अहिलेसम्म पनि जारी नै रहेको पाइन्छ । २०४८ सालमा साझा केन्द्रीय कार्यालय विघटन गरी राष्ट्रिय सहकारी बोर्डको गठन भयो । त्यस पछि सहकारी ऐन २०४८ संसदले पारित गरी कार्यान्वयनमा अघि बढाइयो । त्यस पश्चात २०४९ सालमा सहकारी नियमावली, २०४९ जारी गरियो र राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ जारी भयो । सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ आएयता देशमा सहकारी आन्दोलनले नयाँ आयाम लियो । र ग्रामीण क्षेत्रदेखि शहरी क्षेत्रमा सहकारी संस्था गठन हुने प्रकृयाले तिब्रता लियो । यसै क्रममा २०५७ सालमा कृषि तथा सहकारी मन्त्रालय स्थापना भयो भने २०६० सालमा राष्ट्रिय सहकारी बैंकको स्थापना गरियो । २०६४ साललाई नेपालले सहकारी आन्दोलनको स्वर्ण महोत्सव वर्षको रूपमा मनाइयो । यसबीच नेपालमा विषयगत सहकारी संस्थाहरूको केन्द्रीय संघहरू गठन हुने कार्यले समेत तिब्रता पाएको छ । भने नेपालमा पहिलो पटक २०७० चैत्र ११, १२ र १३ गते काठमाण्डौमा प्रथम सहकारी महासम्मेलन सम्पन्न गरी नेपालको अर्थतन्त्रलाई समृद्ध बनाउन सहकारी आन्दोलनलाई अझ सशक्त बनाउन सरोकारवालाहरूले व्यापक चिन्तन मनन्, सहकारीको अवस्था विश्लेषण र आगामी कार्यभार तय गरिएको थियो ।

**सहकारी आन्दोलन र आर्थिक समृद्धि :**

विश्वप्यापी रूपमा सहकारी आन्दोलनको आवश्यकता महसूस हुनु एवम् सहकारीको व्यापक विस्तार हुनुमा मुख्य रूपमा तीन कारण छन् :

- *बजार अर्थ व्यवस्थाले न्युन पूँजी भएका एवम् पिछडीएका वर्गको आर्थिक क्रियाकलापलाई समेटन् तथा प्रोत्साहन गर्न नसक्नु,*
- *सहकारी आन्दोलनको विश्वव्यापी उर्लदो भेलबाट कुनैपनि अर्थतन्त्र अलग हुन नसक्नु,*
- *विश्व परिवेशमा पछिल्लो समय व्यपकता बन्दै आएको समता, समावेशीता, सहभागिता तथा प्रजातान्त्रिकीकरणको लहर,*

आधुनिक अर्थ व्यवस्थाका यी तीन दृष्टान्तका कारण सहकारी आन्दोलनले व्यापकता पाउँदै गएको छ । यसै सन्दर्भमा नेपालमा पनि संख्यात्मक रूपमा सहकारीले व्यापकता पाउँदै गएको छ । तर, नेपालमा सहकारी अभियानले अन्य देशमा जस्तो सहकारी क्षेत्रले उपलब्धि प्राप्त गर्न सक्यो त ? प्रश्न गंम्भीर छ । हुन त विश्व परिदृश्यमा ११० वर्ष पार गरेको सहकारी आन्दोलनले नेपालमा भने आधुनिक सहकारी आन्दोलनले ५ दशक मात्र पार गरेको छ । त्यस अनुरूप देशमा सहकारी आन्दोलनले सफलता पाउँदै गएको छ । तथापी नेपालको सहकारी आन्दोलनले सामाजिक, आर्थिक, मानविय र सामुदायिक विकासमा अझ बढी महत्वपूर्ण भूमिका खेल्नु पर्ने आवश्यकता रहेको छ । सहकारी क्षेत्रको समय सापेक्ष विकास एवम् विस्तार गर्न सहकारी ऐनलाई संशोधन गरिनु पर्छ । सहकारीलाई अन्य व्यवस्था भन्दा पनि सुामदायिक विकास कार्यको रूपमा परिभाषित गरिनु पर्दछ । पक्कै सहकारी संस्था

*बाँकी ३ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिनछ तर ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । प्रेममा बाधा पनि आउन सक्छ ।

**वृष** :- अरूलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । परिवारिक सद्भाव बढ्नेछ । लगानी र व्यवसायमा पर्याप्त लाभ मिल्नेछ ।

**मिथुन**:- आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । अचल सम्पत्ति हात पर्ने योगछ । शेयर बजार, कलकारखाना र बन्द व्यापारमा फाइदा नै हुनेछ ।

**कर्कट** :- आज बन्न लागेको काम विग्रनसक्छ । सामान हराउने वा चोरी हुने भयछ । दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।

**सिंह**:- नयाँ कार्यको थालनी हुनेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । पदोन्नतीको सम्भावना प्रवलछ ।

**कन्या** :- आज धर्म कर्म,परोपकार,समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । रोकिएको धन पाइएला । अतिथिको रूपमा सत्कार पनि पाइनेछ ।

**तुला** :- आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेलाछ ।

**वृश्चिक** :- सरकारी निकाएको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । अविश्वाश उत्पन्न हुनेछ । घर परिवारमा झैँ-झमेलाको अवस्था आउन सक्छ ।

**धनु** :- आज आफन्तसंग भेट घाट हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाईनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**मकर**:- आज प्रेमीको सहयोग प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**कुम्भ**:- वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । राज्यबाट मान सम्मान पाइनेछ । शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मिन** :- जोश जाँगर र हिम्मत बढ्नेछ । आकस्मिक धन लाभ हुनेछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ ।

## स्थानीय ...

उद्यमशिलता विकास तालिम प्रभावकारी हुने उनको विश्वास छ । मेयर यादवले लघु उद्यमको विकास र विस्तार अहिलेको आवश्यकता रहेकाले सीप सिकेर व्यवसाय गरे दिगो आर्थिक विकास हुने धारणा व्यक्त गरे । 'हामीले रोजगारको खोजी गर्नुभन्दा पनि उद्यमी बनाउन पहल गरेका छौं,' उनले भने, 'हामीले अब रोजगार खोज्ने नभई, रोजगारी दिने गरी उद्यमी नगरमा उत्पादन गर्न चाहेका हौं, उद्यमी बन्नुस्, उत्पादन गरिएका सामाग्री खपत गराउन नगर तयार छ ।'

उद्योग संचालनका लागि ज्ञान नहुँदा बेरोजगारी बढिरहेको समयमा उद्यमशिलता विकास तालिमबाट सो कुराको अन्त्य हुने उनले विश्वास लिए । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट नगरपालिकामा नयाँ उद्यमी सृजना गर्न उद्यमशिलता विकास तालिम कार्यक्रम निकै प्रभावकारी हुने भन्दै उद्यमशिलता विकास तालिम लिए पश्चात आˆनो चाहना, क्षमता र बजारलाई ध्यानमा राखेर उद्यमी र स्वरोजगार बन्नका लागि उनले सबैलाई आग्रह गरे ।

अहिले व्यवसाय सुरू गरे आगामी वर्ष एक वर्ष पुगिसकेपछि त्यस्ता उद्यमीलाई नगरपालिकाले ८० प्रतिशतसम्म आर्थिक सहायता उपलब्ध गराउने योजना रहेको पनि उनले जनाए । हाल नगरपालिकाको १, २, ३ र ७ नम्बर वडामा सञ्चालन रहेको यो कार्यक्रम नगरभरी नै विस्तार गर्ने योजना नगरपालिकाको छ ।

## सानिमा ...

मलिकको पत्नी तेतरी देवीलाई लहान शाखाले सिरहाको लहानको माडवारी सेवा सदनमा आयोजित अभिकर्ता पुर्नताजगी तालिम कार्यक्रममा दोसल्ला सहित सम्मान गरिदै २ लाखको बिमा चेक बुझाएको हो । कार्यक्रममा विमित मृतक संजयको बिमाको किस्ता रकम माफ हुनेछ भने दम्पती बिमा योजना भएकोले उनको पत्नी तेतरी देवीको बिमा सुचारू नै रहने लहान शाखाका म्यानेजर जितेन्द्र चौधरीले जानकारी दिए । पुर्नताजगी तालिममा बोल्दै चिफ म्यानेजर गुणराज श्रेष्ठले आम्दानी हुने हरेक परिवारको सबै सदस्यको बिमा हुनु पर्छ र बिमाले मानिसको ज्यान त बचाउन सक्दैनन् तर त्यस परिवारमा आउने आर्थिक विचलन टार्न सकिने बताए ।

आम्दानीको केही रकम बिमा कम्पनीमा लगानी गरे परिवारमा आर्थिक विपत्ती आउन दिदैंनन्' उनले भने, 'मानिसको मृत्यु असंभावीय भएकोले को कति खेर मृत्युको मूखमा जानेछ थाहा हुन्न । मानिसले आफूले आर्जन गरेको रकम बैंकमा राखियो भने मृत्यु हुँदा त्यसको व्याजसहित दिने हो तर बिमामा छ भने बिमा कबूल गरेको रकम पाइने हो ।' उनले विमित स्व. संजय कुमार मलिकले २ लाखको बिमा गराएकोमो एक किस्ता बापत १४ हजार २२७ रूपैयाँ बुझाएपनि २ लाख रूपैयाँ पाएको भन्दै बिमा गर्दा के फाइदा हुन्छ र किन बिमा गराउनु जरूरी छ भन्ने बुझ्न जरूरी रहेको बताए । उनले अभिकर्ताहरूले सब भन्दा पहिले बिमा मानिसले किन जरूरी छ त्यो राम्ररी जान्नु पर्छ अनि मात्र ग्राहकलाई बिमाका लागि प्रेरित गर्नुपर्ने र अभिकर्ताले आफूले बिमाको महत्व बुझेर विभिन्न रणनीति अपनाएर ग्राहकलाई बुझाउन सक्यो भने बिमा दिन मानिसहरू तयार हुने बताए ।

यसैगरी लहान शाखाले पटक पटक अभिकर्ता तालिम र अभिकर्ताहरू पुर्नताजगी तालिम तथा सम्मान कार्यक्रम गरिदै आइरहेका छन् । सोही कार्यक्रममा केही राम्रा अभिकर्ता तथा एजेन्सी म्यानेजरहरूलाई झोला प्रदान गरिएको थियो भने अभिकर्ताहरूलाई प्रमाणपत्रसाथै दोसल्ला ओढाएर प्रमूख अतिथि तथा चिफ म्यानेजर गुणराज श्रोष्ठले सम्मान गरेका थिए ।

## ग्रामीण ...

सफलताका साथ सुमदायमा टिक्न नाफामूखि हुनै पर्दछ तर समुदायका केही सिमीत व्यक्ति मात्र हैनन् की सबै सदस्य समानुपातिक रूपमा त्यस मूनाफाको भागीदारी बन्न पाउनु पर्दछ । त्यस आर्थिक लाभबाट समग्र समुदायकै विकास भएको हुनु पर्दछ भन्ने सिद्धान्तलाई सहकारीकर्मीले मन्त्र बनाउन आजको आवश्यकता भएको छ । सबै सहकारीहरू अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त अनुरूप संचालन हुने वातावरणको सृजना हुनु पर्दछ ।

हाल प्रचलनमा रहेका विभिन्न विषयगत सहकारीहरूको वर्गीकरण जरूरी छ । नाफा प्रेरित सहकारी र सामाजिक उपयोगिताप्रेरित सहकारीको अवधारण अनुसार सहकारीको वर्गीकरण आवश्यक छ । विशेषतः कृषिकर्ममा आधारित र उत्पादनमूलक सहकारीहरू, लघु उद्यम सहकारी, ग्रामीण विद्युतीकरण सहकारी लगायत सामाजिक उपयोगितासँग सम्बन्धित सहकारीहरूको विकास र विस्तारमा राज्यले छुट्टै नीति तथा कार्यक्रम ल्याउन अत्यन्त जरूरी छ । शहरकेन्द्रीत बचत तथा ऋण सहकारी तथा लघुवित्तका क्षेत्रमा कार्यरत सहकारीको हकमा पनि छुट्टै ऐनको तर्जुमा गरी नीति बनाई तिनीहरूलाई आर्थिक पार्दशिता र अनुशासन कायम गराउन वित्तिय संस्थाका रूपमा परिभाषित गरी व्यवस्थित गर्न समेत उत्तिकै जरूरी छ । यसले एकातिर सहकारी भित्र आर्थिक अनुशासन कायम हुन गई समुदायको निक्षेपसमेत सुरक्षित हुने ग्यारेण्टी हुन सक्दछ । प्रत्येक सहकारीले आफना सदस्यमा सहकारीको प्रकृति तथा सहकारी व्यवस्थापन सम्बन्धि आधारभूत अभिमूखिकरण तालीम वा शिक्षा अनिवार्य दिनुपर्ने व्यवस्था ऐनमा नै गर्नुपर्ने देखिन्छ । हुन त सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तमा यस्को स्पष्ट व्यवस्था गरिएको छ । जून नेपाली सहकारी आन्दोलनको पनि अनिवार्य सर्त बन्न सक्नु पर्दछ ।

नेपालको संविधान २०७२ सालमा जारी भए पश्चात धेरै नयाँ कानुन निर्माण र संशोधन, परिमार्जन भएका छन् । यहि क्रममा २०७४ कार्तिक १ गते प्रमाणिकरण भई सहकारी ऐन, २०७४ लागु भएको छ ।

**स्थानीय सरकारको क्षेत्राधिकार भित्र सहकारी :**

नेपालको संविधानको अनुसुची–८ ले स्थानीय तहको अधिकारको सूची अन्तर्गत सहकारी संस्था दर्ता, क्षेत्र विस्तार तथा अनुगमनलाई स्थानीय सरकारको कार्यक्षेत्र भित्र समावेश गरेको छ । यसअघि डिभिजन सहकारी कार्यालयबाट हुने गरेको सम्पूर्ण कार्यहरू स्थानीय पालिकाहरूबाट हुने गरी उक्त कार्यालयलाई स्थानीय तहमै समायोजना गरिएको छ । र, स्थानीय तहहरूले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–१५ विविध अन्तर्गत दफा १०२ को स्थानीय कानुन बनाउने अधिकार प्रयोग गर्दै सहकारी संस्था दर्ता ऐन तथा कार्यविधी बनाई संस्था दर्ता देखि अनुगमनसम्मको काम हुँदै आएको छ ।

सहकारी ऐन, २०७४ अनुसार विषयगत सहकारी संस्था दर्ता गर्ने नयाँ प्रावधान :

- कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गठन सक्नेछन ।
- तर महानगरपालिका र उपमहानगरपालिकाको क्षेत्रभित्र बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकहरूको सहभागिता हुनुपर्ने व्यवस्था रहेको छ ।
- संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उल्लेखित संख्या पुगेको हनुपर्नेछ । तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले पनि सो संस्थाको सदस्यता लिन बाधा पर्नेछैन ।
- नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाली रहेका कम्तीमा एक सयजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानुन बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमको शर्त बन्देजहरु पालना गर्नेगरी संस्था गठन गर्न सक्नेछन् ।

**अन्त्यमा,**

राज्यको पुर्नसंरचनासंगै सहकारी क्षेत्र स्थानीय सरकार मातहतमा आएयता सहकारी संस्थाहरू बीच सहकार्य तथा एकै खाले विषयगत तथा क्षेत्रगत रूपमा समान रहेका सहकारी संस्थाहरू बीच एकीकरण हुने अभ्यास सुरू भएको छ । जुन राम्रो पक्ष हो । तर, स्थानीय तहहरूले सहकारी क्षेत्रको विकास तथा अनुगमनमा खासै चासो देएको भने पाइन्दैन । संस्थाहरू थपिएसंगै नीतिगत तथा कार्यगत समस्या र चुनौतिहरू पनि थपिदै गएका छन् । विषयगत सहकारीहरूको आ आफनै खालका समस्या र चुनौतिहरू छन्, जसलाई समयमै सम्बोधन गर्न स्थानीय सरकारहरूले कार्यपालिकामा एउटा छुट्टै सहकारी विकास शाखा स्थापना

*बाँकी ४ पेजमा*


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

–: जनहितका लागि :–

हरेक खबर, विशेष खबर | जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ | राष्ट्रिय दैनिक | लहानपोस्ट LAHANPOST DAILY


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३–५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३–५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३–५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३–५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३–५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३–५६०२४६ |
| सव स्टेशन, लहान | ०३३–५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३–५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३–५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३–५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३–५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३–५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३–५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३–५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३–५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३–५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३–५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३–५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३–५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३–५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३–५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३–५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३–५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३–५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३–५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३–५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३–५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३–५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३–५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३–५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३–५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३–५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३–५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३–५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३–५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३–५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३–५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३–५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३–५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान–७ | ०३३–५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान–१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३–५६५४६८ |
| | ९८१६७३७३३१ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई–बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर–आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा

नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि)

IFAD Investing in rural people

# निःशुल्क व्यवसायिक सीप तालीम तथा रोजगारीको अबसर

## प्रथम पटक प्रकाशित मिति : फाल्गुन ५ गते

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) को आर्थिक सहयोगमा क्रियटिभ स्कील्स प्रा.लि.ले तह १ को निशुल्क तालिम शुरु गर्न गइरहेको छ । तालिम पछि त्यसलाई नै पेशा बनाएर रोजगारी गर्न चाहने बेरोजगार महिला तथा पुरुष, वैदेशिक रोजगारबाट फर्किएका, आर्थिक बिपन्नता र सामाजिकरुपमा बिभेदमा परेका ईच्छुक बेरोजगार व्यक्तिहरुलाई फाराम भर्न अनुरोध गरिन्छ ।

**आवेदकको योग्यता र प्राथमिकताका आधारहरू :**

उमेर : १८ देखि ४० बर्ष (२५ प्रतिशत प्रशिक्षार्थीहरू ४० बर्ष भन्दा माथिका पनि हुन सक्नेछन)

आधारभूत योग्यता : आयोजनाको कार्यक्षेत्र भित्रका जिल्ला/गाउँ/नगरपालिका भित्रका आर्थिक रुपमा विपन्न र तालिम पश्चात सोही पेशामा रोजगारी गर्न चाहने युवाहरु ।

शैक्षिक योग्यता : शैक्षिक योग्यताको बन्देज भने पाठयक्रममा तोकिए बमोजिम हुने र यो अवसर विद्यालय/विश्वविद्यालयमा नियमित अध्ययनरत विद्यार्थीहरुका लागि भने होइन ।

प्राथमिकता : महिला, वैदेशिक रोजगारबाट फर्किएका वा वैदेशिक रोजगारीमा रहेकाको परिवारका सदस्य र आर्थिक रूपले विपन्न तथा सामाजिक रूपले विभेदमा परेका समुदायका युवाहरु ।

**आवेदन फारामसँग संलग्न गर्नुपर्ने कागजातहरू :**

१. नागरिकताको प्रमाण पत्र वा मतदाता परिचय पत्र वा सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटो एक प्रति ।
३. यदि आवेदक विषेश अवस्थाको भएमा सो अवस्था खुल्ने कागजपत्रहरुको प्रतिलिपि ।

## तालीम सम्वन्धी विवरण :

| सि. नं | तालिमको विषय | आवश्यक संख्या | जिल्ला | पालिका | तालिम हुने वडा तथा टोल |
|---|---|---|---|---|---|
| १ | बिल्डीङ्ग ईलेक्ट्रिसियन | २० जना | सिरहा | लहान नगरपालिका | पछि तोकिने |

तालिम तथा रोजगार सेवा सेवा प्रदायक संस्थाको पुरा नाम र ठेगाना : क्रियटिभ स्कील्स प्रा.लि.बीरगंज-८ पानीटंकी,पर्सा

फाराम बुझाउने अन्तिम मिति : २०७७ फागुन २९ गते ।
तालिम अवधि : ३९० घण्टा (६५ दिन)
तालिम शुरु हुने मिति : २०७७ चैत ३ गते ।
तालिम समापन मिति : २०७८............... गते

## तालिमको लागि सम्पर्क

*मुख्य कार्यालय*
**क्रियटिभ स्कील्स प्रा.लि.**
बिरगंज-८,पानीटंकी,पर्सा
फोन नं.०५१-५३०२२५ मो.नं.९८०२९३०२२५

*तालिम संयोजक*
**सिरहा जिल्लाका लागि रामउदगार ठाकुर**
मोबाईल नं. ९८१७७८७५१९

CreativeSkills Pvt. Ltd. Institute of Creative Skills

HELVETAS NEPAL
प्राविधिक सहयोग

## ग्रामीण ...

गर्न नीतिगत व्यवस्था र दक्ष जनशक्तिको व्यवस्थापन र नियमित अनुगमन तथा सहकारी संस्थाहरूबाट मासिकरूपमा प्रतिवेदन लिने समिक्षा गर्ने नियमन गर्ने कार्यको तत्काल थालनी हुन जरूरी रहेको छ । संगै संघीय सरकारको तर्फबाट समेत सहकारी क्षेत्रको चुनौति र समस्याहरूको पहिचान र विश्लेषण गरि सक्दो चाडो समाधानका लागि प्रदेश सरकार र स्थानीय सरकारलाई जवाफदेही बनाउन समेत चासो देखाउन जरूरी रहेको छ । यसबाट राज्यले लिएको अर्थतन्त्रको तिन खम्बे निती मध्ये एक सहकारी क्षेत्रको विकास र प्रभावलाई बढाउन सहयोग पुऱ्याउने छ भने समुदायको आर्थिक, सामाजिक, शैक्षिक, मानविय र सांस्कृतिक साथै देशको समग्र विकासलाई अघि बढाउन सहायक सिद्ध हुनेछ । साथै, सहकारी क्षेत्रमा रहेको व्यापक अवसरका साथै हाल मानव त्रुटिका कारण सृजित समस्या र चुनौतिहरूलाई सरकारी पक्ष साथै सहकारी अभियानमा संलग्न समुदायहरूको सहकार्यमा सहकारितालाई अझ बढि सशक्त बनाउन सकिन्छ भन्ने हाम्रा आफ्नै प्रयास र पहलहरूले देखाएको छ । हाम्रो जस्तो कृषि कर्ममा आश्रित समुदायको बाहुल्यताका कारण पनि देशमा बढदो अर्ध र पूर्ण वेरोजगारी समस्यालाई निदान गर्न र खाँडी मुलुकहरूमा वैदेशिक रोजगारमा युवाहरू जान बाध्य रहेको अवस्थामा सुधार ल्याउन पनि देशमै आत्मनिर्भर हुन कृषि कर्मलाई अगाल्न सहकारीता भन्दा अर्को कुनै सहज उपाय हुन सक्दैन । बचत र कर्जाको साघुँरो घेराबाट उक्लेर लघु उद्यम, कृषि व्यवसायीकरण र कृषिजन्य उत्पादनको बजार व्यवस्थापनका क्षेत्रमा कार्यगर्ने सहकारी जस्ता नविनतम अवधारणा अवलम्बन गरी स्थानीय श्रोत र साधनको अधिकतम परिचालन गरी ग्रामीण बेरोजगारी समस्या समाधान गर्दै स्थानीयस्तरमै रोजगारीका अवसरहरू सृजना गर्दै सहकारी आन्दोलन अब नयाँ रूपबाट अघि बढन सक्नु पर्दछ । कृषि उत्पादन र कृषि व्यवसायलाई कृषि उद्योगको रूप दिन पनि सहकारी एउटा सशक्त माध्यम बनिनरहेको धेरै सकारात्मक उदाहरणहरू देशमा रहेकोले त्यसको विस्तारका लागि सरकारले लिएको आर्थिक तिन खम्बे रणनितीले मात्र पुग्दैन, समयसापेक्ष सहकारीमैत्रि नीति, नियम तथा मौजुदा ऐनमा सुधारको आवश्यकता रहेको छ । सहकारी क्षेमा वास्तिविक गरिब एवम् सिमान्तकृत वर्गको पहुँच र नियन्त्रण ज्यादै न्यून हुनु पनि नेपालको सहकारी आन्दोलनको प्रमुख चुनौति हो भने सहकारी क्षेत्रमा यी वर्गको पहुँच अभिवृद्धि गरी सहकारी आन्दोलनलाई गरिब तथा ग्रामीणमूखि बनाउनु एउटा ठूलो अवसर पनि हो, यसतर्फ सबै सरोकारवालाहरूको ध्यान पुग्न जरूरी छ । "धन्यवाद ।"

## सर्टिफिकेट हराएको सूचना

मिति २०७७।११।२ गते घरदेखि सहिद चौकसम्म जाने क्रममा मेशिन प्लाण्ट साइन्सको सर्टिफिकेट हराएको हुनाले पाउनु हुने महानुभावलाई मोबाइल नम्बर ९८१६७३७३३१ मा सम्पर्क गरी जानकारी गराईदिनु हुन अनुरोध छ ।

अनुरोधकर्ता
**अनिता कुमारी चौधरी**

# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)